सूचना नं ३

## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कर्मचारी समायोजन सम्बन्धी

## अत्यन्त जरुरी सूचना

(साविकमा जिल्ला विकास समितिको सेवामा स्थायी नियुक्ति पाई हाल जिल्ला समन्वय समिति वा कुनै स्थानीय तहमा कार्यरत कर्मचारीहरुका लागि)

**प्रथम पटक प्रकाशित मितिः २०७५/०९/११**

कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ५ को उपदफा (३) बमोजिम साविकको जिल्ला विकास समितिको सेवामा स्थायी नियुक्ति पाई अध्यादेश प्रारम्भ हुँदाका बखत जिल्ला समन्वय समिति वा स्थानीय तहमा कार्यरत कर्मचारीहरुले सम्बन्धित जिल्ला भित्रका स्थानीय तहको पदमा समायोजन हुन यस मन्त्रालयको वेवसाइट www.samayojan.gov.np मा रहेको Online Application link मा गई यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आवेदन गर्नुहुन सम्बन्धित कर्मचारीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । कुनै कारणले कर्मचारी आफैंले online आवेदन गर्न कठिनाइ भएमा त्यस्ता कर्मचारीहरुलाई आवेदन पेश गर्न सहयोग तथा सहजीकरण गर्ने प्रयोजनका निम्ति सेवा संचालन गर्ने मन्त्रालयहरु/निकायहरु, प्रदेशका मुख्य मन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयहरु, जिल्ला प्रशासन कार्यालयहरु, जिल्ला समन्वय समितिका कार्यालयहरु, सबै स्थानीय तह (महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका) का कार्यालयहरुमा यो सूचना प्रकाशन भएकै मितिदेखि संचालन हुने गरी हेल्प डेक्सको व्यवस्था गरिएको छ । यो सूचना बमोजिम समायोजन हुन आवेदन नगरेमा वा समायोजनका निम्ति तोकिएका सबै प्रकृया पुरा नगरेमा वा छनौट गर्नुपर्ने तह छनौट समेत नगरी आवेदन गरेमा सो कारणले मात्र कुनै पनि स्थानीय तहमा समायोजन गर्न कर्मचारी समायोजन अध्यादेश, २०७५ बमोजिम बाधा नपर्ने व्यहोरा यसै सूचना मार्फत सूचित गरिन्छ ।